**निर्णय नं. १**

भूकम्प पिडितहरूलाई आर्थिक सहयोग सम्बन्धमा छलफल गर्दा मिति २०८० साल कार्तिक १७ गते राति जाजरकोट केन्द्रविन्दु भई गएको भूकम्पबाट धेरै धनजनको क्षति भएको, थुप्रै नागरिकले ज्यान गुमाएको एवं धेरै परिवार घरबार बिहीन भएको अवस्थालाई मध्यनजर गर्दै सो भूकम्पबाट पिडित नागरिकहरूलाई राहत स्वरूप चौतारा साँगाचोकगढी नगरपालिकाको विपद व्यवस्थापन कोषबाट रू. १७,००,०००।- (सत्र लाख) सहयोग गर्ने र उक्त रकम रू. १७,००,०००।- (सत्र लाख) नेपाल सरकार अन्तर्गत प्रधानमन्त्री दैवी प्रकोप राहत कोषमा जम्मा निर्णय गरियो ।

**निर्णय नं. २**

योजना छनौट तथा कार्यान्वयन सम्बन्धमा छलफल गर्दा चालू आर्थिक वर्ष २०८०/०८१ मा छनौट भई सकेका योजनाहरूको कार्य द्रुत गतिमा अगाडी बढाउने र ब्रेकडाउन गर्न बाँकी रहेका योजनाको शिर्षकबाट आवश्यकताका आधारमा योजना छनौट गरी कार्य संचालन गर्नका लागि नगरपालिका अन्तर्गतका सम्पूर्ण वडाहरूलाई योजनाहरूको विवरण पेश गर्न निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ३**

कृषि अधिकृत छैठौं पदको सम्बन्धमा छलफल गर्दा यस चौतारा साँगाचोकगढी नगरपालिकाको मिति २०८०/०५/११ गते प्रकाशित कर्मचारी आवश्यकता सम्बन्धी सूचना बमोजिम (विज्ञापन नं. ०२/२०८०/०८१) कृषि अधिकृत (छैठौं) पद सेवा करारमा पदपूर्ति गर्नका लागि विभिन्न मिति र समयमा संचालन भएको परीक्षाहरूमा सहभागी भई लिखित र अन्तर्वार्ता परीक्षाको कुल प्राप्ताङ्कको आधारमा योग्यता क्रमानुसार सफल भएका उम्मेदवार (सुवर्ण गाउँपालिका-०२, बारा स्थायी ठेगाना भएका श्री संदिप ठाकुर) ले यस नगरपालिकाको कार्यालयमा कृषि अधिकृत छैठौं पदमा सेवा करारमा कामकाज गर्न असमर्थ जनाइ मिति २०८०/०७/१२ गते निवेदन पेश गरेकोले पदपूर्ति समितिको मिति २०८०/०७/२० गतेको बैठकको निर्णयानुसार योग्यताक्रमका आधारमा बैकल्पिक उम्मेदवारहरूको महलमा सि.नं. १ मा रहेका भक्तपुर-०२, ब्यासी बस्ने प्रीति कायस्थलाई कृषि अधिकृत पदमा करार नियुक्तीका लागि सिफारिस गर्ने भनी निर्णय भई यस बैठकमा अनुमोदनका लागि पेश हुन आएकोमा सोही बमोजिम अनुमोदन गरी सिफारिस भएका बैकल्पिक उम्मेदवारलाई कामकाजमा लगाउन स्वीकृती प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

आ.व. २०८०/०८१ मा यस चौतारा साँगाचोकगढी नगरपालिकाको प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रहेका विभिन्न योजना तथा कार्यक्रमहरू संचालन गर्न सहमति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

चौतारा साँगाचोकगढी नगरपालिका भित्र रहेका विभिन्न विद्यालयहरू आवश्यकताका आधारमा मर्ज भई र मर्ज भए पश्चात् बाँकी रहेका विद्यालयका भवनहरूलाई आवश्यकता र औचितयका आधारमा सार्वजनिक हितका लागि प्रयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

सिलबन्दी वोलपत्र/सिलबन्दी दरभाउपत्रद्धारा संचालित योजनाहरूको सम्बन्धमा छलफल गर्दा चालू आ.व. २०८०/०८१ मा चौतारा साँगाचोकगढी नगरपालिकाबाट सिलबन्दी वोलपत्र तथा सिलबन्दी दरभाउ पत्रद्धारा संचालन हुने सम्पूर्ण योजनाहरूको अनुगमन कार्य नगरपालिका तथा वडास्तरबाट गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

नगरपालिकाको आवश्यकता र औचित्यलाई मध्येनजर गर्दै यस चौतारा साँगाचोकगढी नगरपालिका र जिल्ला समन्वय समिति, सिन्धुपाल्चोकको साझेदारीमा आ.व. २०८०/०८१ मा योजना तथा कार्यक्रमहरू संचालन गर्ने निर्णय गरियो ।